# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०६।१६ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला सुनसरी, नेपाल बिद्युत प्राधिकरण, ईनरुवा वितरण केन्द्रमा कार्यरत फोरमेन (चौंथो तह) विर्जु कुमार महतोले उद्योगमा बिद्युत क्षमताबृद्धि गरिदिए वापत सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज विर्जु कुमार महतोलाई सेवाग्राहीबाट रु.२५,०००।– (पच्चीस हजार रुपैयाँ) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा मिति २०८०।०५।१९ गते नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला सुनसरी, नेपाल बिद्युत प्राधिकरण, ईनरुवा वितरण केन्द्रमा कार्यरत फोरमेन (चौंथो तह) विर्जु कुमार महतोले बिद्युतिय लाइनमा ट्यापिङ (जोडिने) गर्नको लागि सेवाग्राहीसँग घुस/रिसवतवापत रु.२५,०००।—(पच्चीस हजार रुपैयाँ) माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज विर्जु कुमार महतोलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.२५,०००।—(पच्चीस हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल